कालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ्ग, रसुवा

बागमती प्रदेश, नेपाल

प.सं.२०८१।८२

च.नं. :

फोन नं:०१०-५४२०१६

## जग्गा भाडामा लिने सम्बन्धी सूचना !

प्रकाशित मितिः२०८१/०५/०७

यस कालिका गाउँपालिका अन्तर्गत वडा नं ५ जिवजिवेमा रहेको निलकण्ठ नमूना माध्यमिक विद्यालयको भवन निर्माण गर्नुपर्ने भएको र निर्माण सम्पन्न नभएसम्म विद्यालय सञ्चालनका लागि हाल अस्थायी भवन तथा संरचना निर्माण गर्नुपर्ने भएको हुँदा न्यूनतम ४ रोपनी जग्गा र विद्यालयको सामान भण्डारणका लागि १ रोपनी जग्गा भाडामा उपलब्ध गराउन ईच्छुक जग्गाधनीहरुले प्रति रोपनीको दररेट निर्धारण गरी तपसिलको कागजातका साथ यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र कालिका गाउँ कार्यपालिकाको कार्यालयमा निवेदनसहित सिलबन्दी दरभाउ प्रस्ताव पेस गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>आवश्यक कागजातहरु</u>

१. सम्बन्धित जग्गाधनीको निवेदन,
२. नेपाली नागरिकताको प्रमाण पत्र वा राष्ट्रिय परिचयपत्र,
३. जग्गाधनी प्रमाणपुर्जा,
४. भाडा दररेट सहितको प्रस्ताव र प्रतिवद्धता

<u>सर्तहरु</u>

१. भाडा दिने जग्गा सडकले छुएको हुनुपर्ने,
२. जग्गा भाडा न्यूनतम २ वर्षका लागि दिनुपर्ने,
३. न्यूनतम भाडा दर पेस गर्ने आवेदकको प्रस्ताव स्वीकृत गरिने,
४. एकै स्थानमा दुई वा दुईभन्दा व्यक्तिको जग्गा भएमा सामुहिक निवेदन दिनुपर्ने,
५. भाडामा दिने जग्गामा कुनै पनि विवाद नभएको हुनुपर्ने,

<u>निवेदन दिने स्थानः</u> कालिका गाउँ कार्यपालिकाको कार्यालय, रसुवा

<u>निवेदन दिने अन्तिम मितिः</u> २०८१ भाद्र १३ गते साँझ ५ बजेसम्म

थप जानकारीका लागि कालिका गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखामा सम्पर्क गर्नहुन सक्नुहुनेछ।

वाचस्पति सुनुवार २०८१/०५/०७

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत